# कैलाश गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ४ संख्या ४ मिति २०७९/४/२६

# भाग २

## शैक्षिक ब्यबस्थान कोष सम्बन्धी कार्यविधि,२०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७९।०४।२६

प्रमाणित मितिः२०७९।०४।२६

प्रस्तावनाः-

गाउँपालिकाबाट गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालयहरुमा दिइने अनुदानलाई सरल, सहज,

ब्यबस्थित, प्रभावकारी र नियमितता बनाउन बाञ्छानीय भएकोले कैलाश गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नामः "कैलाश गाउँपालिकाको शैक्षिक ब्यबस्थापन कोष सम्बन्धि कार्यविधि,२०७९" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "अनुदान" भन्नाले यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयलाई दिइने अनुदान सहायता रकम सम्झनु पर्छ ।

ख) "शैक्षिक ब्यबस्थापन कोष" भन्नाले सामुदायिक विद्यालयहरुलाई आवश्यकता र औचित्यताको आधारमा अनुदान दिइने प्रयोजनको लागि गाउँपालिकामा रहने कोष सम्झनु पर्दछ । जुन कोषमा गाउँपालिका तथा अन्यबाट सञ्चित रकम रहनेछ ।

ग) "सरकार" भन्नाले सामान्यतया कैलाश गाउँपालिका गाउँ कार्यापालिकालाई सम्झनु पर्छ ।र सो शब्दले संघीय सरकार र प्रदेश सरकारलाई समेत जनाउनेछ ।

घ) "गाउँपालिका" भन्नाले कैलाश गाउँपालिका सम्झनु पर्छ ।

ङ) "आधारभूत तह" भन्नाले कक्षा १ देखी ८ सम्म सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।जसले कक्षा १ देखी ३ सम्म सञ्चालित विद्यालयलाई पनि बुझाउदछ ।

च) "माध्यामिक तह" भन्नाले कक्षा १ देखी कक्षा १२ सम्म सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनु पर्छ । जस अन्तर्गत प्राविधिक धार सञ्चालित विद्यालयलाई पनि बुझाउदछ ।

छ) "ईसिइडि" भन्नाले ३ बर्ष पूरा भएका बालबालिका अध्ययन गर्ने प्रारम्भिक बालविका केन्द्रका कक्षा सम्झनु पर्छ ।

ज) "विब्यस" भन्नाले प्रचिलत शिक्षा ऐन अनुसार गठन भएको सामुदायिक विद्यालयको समन्वय,रेखदेख र ब्यबस्थापन गर्न समेत गठित विद्यालयको ब्यबस्थापन समिति सम्झनु पर्छ ।

झ) "प्र.अ." भन्नाले सामुदायिक विद्यालयको प्राज्ञिक,प्रशासनिक नेतृत्व गर्ने ब्यक्ति सम्झनु पर्छ । जुन शब्दले शिक्षक समेतलाई जनाउँदछ ।

ञ) "सि.उ." भन्नाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको सिकाई उपलब्धिलाई सम्झनु पर्छ ।

ट) "वडा कार्यालय" विद्यालय रहेको सम्बन्धित वडा कार्यालय सम्झनुपर्छ ।

ठ) "गाउँ शिक्षा समिति" भन्नाले यस गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

ड) "अनुदान निर्धारण समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित समिति सम्झनु पर्छ ।

ढ) "अनुदान मापदण्ड" गाउँपालिकाबाट विद्यालयलाई दिइने अनुदानको लागि विद्यालयले पूरा गर्नुपर्ने न्यूनतम आधार मापदण्ड सम्झनुपर्छ ।

ण) "बार्षिक कार्य योजना" भन्नाले विद्यालयले एक शैक्षिक सत्रमा गरिने सम्पूर्ण क्रियाकलाप सहितको कार्यातालिका सम्झनु पर्छ ।

त) "SIP" भन्नाले विद्यालयले शैक्षिक सुधारको लागि तयार गरेको आवधिक विद्यालय सुधार योजना सम्झनु पर्छ ।

३. विद्यालयमा दिइने अनुदानः

विद्यालयमा अनुदान दिदा विद्यालयबाट पेश भएको प्रस्तावनाको आधारमा बजेटको सीमाभित्र रही भौतिक निर्माण बाहेक निजिस्रोत शिक्षक तलब भत्ता, विद्यालयको शिक्षण सिकाई सुधार योजना, शिक्षण विधि ,शैक्षिक सामाग्री निर्माण,अतिरिक्त क्रियाकलापको लागि विद्यालयको खाता निकासा गरिनेछ ।

४. अनुदान निर्धारण समितिः

विद्यालयमा दिइने अनुदानको नीति निर्धारण, समन्वय र विद्यालय छनौट गरी गाउँ शिक्षा समितिमा सिफारिस समेत गर्न देहायका सदस्यहरु रहेको एक अनुदान निर्धारण समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाको अध्यक्षः | अध्यक्ष |
| ख) प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| ग) सामाजिक विकास समितिका संयोजकः | सदस्य |
| घ) शिक्षा शाखा प्रमुखः | सदस्य सचिव |

५. विद्यालयमा दिइने अनुदानको मापदण्डः

सामुदायिक विद्यालयहरुलाई विद्यालय छनौट गरी अनुदान उपलब्ध गराउँदा विद्यालयले न्यूनतम अपनाउने पर्ने देहायका आधारहरु बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

क) उच्चतम विद्यार्थी संख्याः

ख) शिक्षक दरबन्धीः

ग) सिकाई उपलब्धिः

घ) बार्षिक कार्य योजना निर्माणः

ङ) SIP निर्माण र शिक्षण सुधार योजना निर्माण कार्यान्वयनः

च) विद्यालयको आर्थिक अवस्थाः

छ) शिक्षण सिकाईमा सुधार गर्ने प्रतिबद्धता सहितको प्रस्तावनाः

माथि उल्लेखित मापदण्डको आधारमा सबै भन्दा बढी अंक प्राप्त गर्ने विद्यालयलाई नियम ४ बमोजिम समितिले विद्यालय छनौट गरी गाउँ शिक्षा समितिमा पेश गर्नेछ ।गाउँ शिक्षा समितिले बजेटको सीमाभित्र रही बजेट रकम अनुदानको रुपमा विद्यालयलाई बजेट विनियोजन गरिनेछ ।

## ६. लेखा परीक्षणः

विद्यालयमा निकासा गरिएको अनुदान रकमको लेखा परीक्षण गर्ने जिम्मेवारी सम्बन्धित विद्यालय नै हुनेछ । तर अनुदान निकासा भएको रकम विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरणको पक्षमा विब्यसबाट निर्णय गरी कार्यान्वयन गरिनुपर्नेछ । र विद्यालयले बजेटको कार्यान्वयन पश्चात आवश्यक कागजात गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

## ७. प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः

विद्यालयले अनुदान बजेटको विब्यसबाट निर्णय गरी कार्यान्वयन गर्ने र हरेक त्रैमासिक रुपमा प्रगति प्रतिवेदन यस गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

## ८. अनुगमन गर्नुपर्नेः

अनुदान निकासा भएको विद्यालयमा गाउँपालिकाबाट आवश्यक अनुगमन, निरीक्षण र सुपरीवेक्षण गरिनेछ ।

## ९. न्यूनतम अनुदान रकम निकासा गर्नेः

गाउँपालिकाले विद्यालयको आवश्यकता र औचित्यताको आधारमा आधारभूत तथा माद्यामिक विद्यालयलाई न्यूनतम अनुदान रकम उपलब्ध गराउनेछ ।

**१०. नियम बनाउने अधिकारः**

कार्यापालिकाले यस कार्याविधिलाई सहज बढी प्रभावकारी बनाउन नियम बनाउन सकिनेछ।

**११. संशोधनः**

यस कार्याविधि आवश्यकता अनुसार कार्यापालिकाबाट आवश्यक संशोधन गर्न सकिनेछ ।

**आज्ञाले**

प्रमुख प्रशासकीय अधिकृत